स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल
Independent Power Producers' Association, Nepal

# News Clips

www.ippan.org.np


annapurnapost.com
अन्नपूर्ण पोस्ट

वर्ष २२, अंक ३२२ पृष्ठ ८ | काठमाडौं, शुक्रबार १६ चैत २०८० | चैत्र कृष्णपक्ष चतुर्थी, नेपाल संवत् ११४४ | FRIDAY, MARCH 29, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

# भारतबाट ३ महिना विद्युत् आयातको अनुमति

- नेपाल विद्युत् प्राधिकरणले तीन महिनाअघि नै एक वर्षका लागि सम्झौता नवीकरण गर्न भारत समक्ष प्रस्ताव पेस
- भारतबाट ३ महिनाका लागि ५५४ मेगावाट विद्युत् आयातका गर्न स्वीकृति

**सुनिता कार्की** | *काठमाडौं*



भारतले नेपाललाई दिने विद्युत् आयातको सम्झौता तीन महिनाका लागि ससर्त नवीकरण गरेको छ। भारतले जुन ३० अर्थात् असार १६ गतेसम्मका लागि सम्झौता नवीकरण गरेको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव एवं प्रवक्ता नवीनराज सिंहले बताए। नेपाल विद्युत् प्राधिकरणले तीन महिनाअघि नै एक वर्षका लागि सम्झौता नवीकरण गर्न भारत समक्ष प्रस्ताव पेस गरेको थियो। भारतले भने तीन महिनाका लागि मात्र सम्झौता नवीकरण गरेको हो।

नवीकरणका लागि भारतले राखेको सर्त भनेको सोलार आवर (खासगरी दिउँसोको समय) मा बिजुली दिने हो। भारतले बिहानको ६ बजेदेखि साँझको ६ बजेसम्मका लागि बिजुली आयातको अनुमति दिएको प्राधिकरण बताउँछ। यसअघि २४ घण्टाका लागि विद्युत् आयात दिँदै आएको भारतले आयातको परिमाणसँगै बिजुली दिने घण्टा (१२ घण्टा) पनि कटौती गरेको छ।

तीन महिनाका लागि ५५४ मेगावाट विद्युत् आयातका गर्न स्वीकृति दिएको नेपाल विद्युत् प्राधिकरण भार सम्प्रेषण केन्द्रका प्रमुख एवं प्रवक्ता चन्दन घोषले बताए। ५ सय मेगावाट ढल्केवर-मुज्जफपुर अन्तरदेशीय प्रसारण लाइनबाट र ५४ मेगावाट टनकपुरबाट आयात गर्न स्वीकृति दिएको उनले जानकारी दिए। टनकपुरबाट १६ मेगावाट भने नि:शुल्क विद्युत् आयात हुने गरेको छ। यसअघिका वर्षहरूमा एक वर्षका लागि सम्झौता नवीकरण हुँदै आएको थियो। भारतको डे अ हेड मार्केट (ऐक्सचेन्ट मार्केट) बाट बिजुली किन्नका लागि पाँच वर्षको सम्झौता गरिएको छ। जुन हरेक वर्षको मार्चमा नवीकरण गर्नुपर्छ।

भारतको पछिल्लो स्वीकृतिअनुसार अब दिनको समयमा मात्र तोकिएको परिमाण बराबरको बिजुली नेपालले किन्न पाउनेछ। विद्युत्को उच्च मागको समय खासगरी साँझको समयमा नेपालले आन्तरिक उत्पादनबाट माग व्यवस्थापन गर्नुपर्ने देखिएको छ।

सुक्खायामको विद्युत्को आन्तरिक माग धान्नका लागि भारतबाट बिजुली किनिँदै आइएको छ। भारतको एक्सचेन्ज मार्केटमा १५-१५ मिनेटमा बोलकबोलबाट बिजुली किनिने गरिन्छ। २०२४ को मार्च ३० (शनिबार) सम्मको सम्झौताअनुसार नेपालले भारतबाट दैनिक साढे ६ सय मेगावाटसम्म विद्युत् आयात गर्न सक्छ। तर, नवीकरणसँगै झन्डै एक सय मेगावाट विद्युत् आयात भारतले कटौती गरेको छ।

अहिलेको विद्युत्को आन्तरिक उच्च माग (पिक डिमान्ड) सरदर १९ सय मेगावाट छ। अहिले दैनिक ऊर्जा खपत करिब ३० हजारदेखि ३२ हजार मेगावाट आवरको हाराहारीमा छ। तीन हजार मेगावाट जडित क्षमता भए पनि हिउँदमा आन्तरिक उत्पादन करिब ७ सय मेगावाट छ। उत्पादन र मागबीचको सन्तुलनलाई मिलाउनका लागि दैनिक करिब ६ सय मेगावाटसम्म बिजुली आयात हुँदै आइरहेको छ। उद्योगहरूमा लोड कटौती गर्दा पनि अन्तरदेशीय प्रसारण लाइन ढल्केवर-मुज्जफपुरबाट साँझको समयमा करिब साँढे ४ सय मेगावाटसम्म विद्युत् आयात हुँदै आइरहेको छ। मासिक करिब ३ देखि ४ अर्ब रुपैयाँको बिजुली भारतबाट आयात हुँदै आइरहेको छ। अहिलेको माग धान्नका लागि भारतबाट आयातित बिजुलीको हिस्सा एक तिहाइभन्दा बढी छ।

त्यसो त प्राधिकरणले भारतबाट दिउँसो र रातिको समयमा मात्र बिजुली किनेर पिक मागको समयमा आन्तरिक उत्पादनले धान्ने बताउँछ। पिक समयमा कुलेखानी, माथिल्लो तामाकोसी, कालीगण्डकी, मध्यमर्स्याङ्दी, चमेलियालगायतका जलाशययुक्त र अर्धजलाशययुक्त आयोजनालाई त्यो समयमा चलाउने गरिएको छ। प्राधिकरणले दिनमा र रातिको समयको कम मूल्यको बिजुली किनेर उच्च मागको समयमा कम बिजुली आयातको नीति लिएको छ। दिउँसो र रातिको समयमा करिब ३ भारु (भारतीय रुपैयाँ)सम्म विद्युत् पाइन्छ भने बिहान र साँझको उच्च मागको समयमा प्रतियुनिट बिजुलीको मूल्य १० भारुसम्म पुग्ने गरेको छ। अहिले भारतको सरदर बिजुलीको दर करिब ६ भारु छ। गत वर्षको सुक्खायाममा करिब १९ अर्ब रुपैयाँबराबरको विद्युत् आयात गरिएको थियो। यस वर्ष खुद निर्यातकर्ता बन्ने भनिरहेको प्राधिकरणले यसै वर्षको वर्षायाममा करिब १४ अर्बको बिजुली भारत निर्यात गरेको थियो।

सुक्खा बढेसँगै नदी प्रवाहमा आधारित विद्युत्को उत्पादन करिब १२ प्रतिशतमा झरेको छ। यसले गर्दा अझै वैशाखको अन्तिमसम्म बिजुली भारतबाट नकिने विकल्प छैन। त्यसपछि पनि भने खोलामा बहाब बढ्ने र आन्तरिक उत्पादन नै भारत निर्यात गर्नुपर्ने हुन्छ। भारतको पछिल्लो स्वीकृतिले असारसम्म बिजुली आयातको बाटो खुलेको छ तर लगभग जेठको दोस्रो साताबाट नै बिजुली उत्पादन बढी भई भारत निर्यात गर्नुपर्ने हुन्छ। आगामी सुक्खायामसम्म उत्पादन थपिने हुँदा माग र आपूर्ति शृंखला नै परिवर्तन हुन सक्ने भन्दै मन्त्रालयका प्रवक्ता सिंहले अहिले नै पछिको बारेमा सोच्न जरुरी नभएको बताए। आगामी सुक्खायामको माग र आपूर्तिलाई हेरेर विद्युत् आयातको प्रस्ताव पठाइने सिंहले बताए।

अहिले ५५४ मेगावाटको अनुमति दिएको भारतले पछि त्योभन्दा बढी विद्युत् आयातको अनुमति दिन बाटो खुलेको भन्दै अहिलेलाई समस्या टरेको प्राधिकरणका प्रवक्ता चन्दन घोषको भनाइ छ। र, अप्रिल १ अर्थात् चैत्र १८ गतेबाट नै आन्तरिक माग उच्च भएको समयमा प्राधिकरणले लोड व्यवस्थापन कसरी गर्छ भन्ने पर्ख र हेरको अवस्था सिर्जना भएको प्राधिकरणका पूर्वकार्यकारी निर्देशक मुकेश काफ्ले बताउँछन्।

लोकप्रिय राष्ट्रिय दैनिक
राजधानी
www.rajdhanidaily.com

# सिटिजन्स क्यापिटल र सिद्धि हाइड्रोबीच सम्झौता



काठमाडौं/रास- सिटिजन्स क्यापिटल लिमिटेड र सिद्धि हाइड्रो कम्पनी लिमिटेडबीच साधारण सेयर निष्कासन तथा बिक्री प्रबन्धक नियुक्तिसम्बन्धी सम्झौता भएको छ । सो सम्झौतामा सिद्धि हाइड्रो कम्पनी लिमिटेडका तर्फबाट प्रबन्ध निर्देशक सन्तोषराज नेपाल तथा सिटिजन्स क्यापिटल लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत सबिर बादे श्रेष्ठले हस्ताक्षर गरे।

सम्झौताअनुसार सिटिजन्स क्यापिटल लिमिटेडले सिद्धि हाइड्रो कम्पनी लिमिटेडको सार्वजनिक निष्कासनका लागि बिक्री प्रबन्धकको कार्य गर्नेछ।

सिद्धि हाइड्रो कम्पनी लिमिटेडले निर्माण गरिरहेको आयोजना 'सिद्धि खोला जलविद्युत् आयोजना' इलाम जिल्लामा अवस्थित रहेको छ र सो आयोजना १० मेगावाट बिजुली उत्पादन क्षमताको रहेको छ।

सौर्य दैनिक
www.souryaonline.com

# खिम्ति जलविद्युत् आयोजनाबाट सिक्नुपर्ने पाठ



**ताराबहादुर कोइराला**

> पछिल्लो चरण दोलखा र रामेछापमा सञ्चालन भएका माथिल्लो तामाकोसी जलविद्युत् योजनालगायत थुप्रै परियोजनाहरूले यो मोडलमा काम नगरेकोले रोजगारी, आर्थिक र सामाजिक क्षेत्रमा लाभ पाएका छैनन् । मुद्रास्फीतिको कारण आफ्नो लगानी सुरक्षित गर्न नर्बेली लगानीकर्ताहरूले डलरमा सम्झौता गरे । जसको कारणले नेपाललाई वार्षिक अर्बौंको घाटा भयो । यो सम्झौताको सर्तअनुसार २०७७ असार २७ बाट ५० प्रतिशत सेयर नेपाल सरकारलाई हस्तान्तरण गरिसक्नुपर्ने रहेछ । तर हालसम्म भएको छैन

बिनाकमिसन कतै पनि काम नहुने अहिलेको अवस्थामा खिम्ती जलविद्युत् आयोजना सुरुआतको घटना धेरैलाई पत्यार नलाग्न सक्छ । कमिसन लेनदेन नभई नेपाली कांग्रेसको सरकारहुँदा जलस्रोत राज्यमन्त्री रहनुभएका लक्ष्मण घिमिरेको पालामा सुरु भएको हो खिम्ती जलविद्युत् परियोजना । खिम्ती परियोजना सञ्चालन गर्दा आवश्यक सडक तथा भवन निर्माण, ढुवानीको काम, बालुवा, गिट्टी, ढुंगा र काठजस्ता निर्माण सामग्री आपूर्ति गर्न सानासाना पिस बनाएर काम लगाउँदा स्थानीय जनताहरूले रोजगारी पाउनुको साथै राम्रो आर्थिक लाभ लिने मौका प्राप्त भएको थियो ।

सानातिना रोजगारी पनि स्थानीय जनताहरूले प्राप्त गरेका थिए । सरकार र राजनीतिक नेतृत्वले हस्तक्षेप गर्ने काम पनि भएको थिएन । यो मोडलमा काम गर्दा विवाद कम भएर समयमा काम सम्पन्न भएको पनि थियो र स्थानीय जनतामा आर्थिक सम्पन्नता वृद्धि भएको थियो । विकास निर्माण र सामाजिक क्षेत्रमा गरेको लगानीले स्थानीय जनता लाभान्वित पनि भएका हुन् । पछिल्लो चरणमा काममा हस्तक्षेप बढेर मोलाकाज, पक्षपात र राजनीतिक प्रभावमा काम नभएका भने होइनन् । यसै प्रसंगमा पछिल्लो चरण दोलखा र रामेछापमा सञ्चालन भएका माथिल्लो तामाकोसी जलविद्युत् योजनालगायत थुप्रै परियोजनाहरूले यो मोडलमा काम नगरेकोले रोजगारी, आर्थिक र सामाजिक क्षेत्रमा लाभ पाएका छैनन् ।

मुद्रास्फीतिको कारण आफ्नो लगानी सुरक्षित गर्न नर्बेली लगानीकर्ताहरूले डलरमा सम्झौता गरे । जसको कारणले नेपाललाई वार्षिक अर्बौंको घाटा भयो । यो सम्झौताको सर्तअनुसार २०७७ असार २७ बाट ५० प्रतिशत सेयर नेपाल सरकारलाई हस्तान्तरण गरिसक्नुपर्ने रहेछ । तर, हालसम्म भएको छैन । यो आमचासोको विषय हो । कारण जेसुकै भए पनि शंका र अविश्वास व्याप्त यो समयमा ढिलो नगरी हस्तान्तरण गर्नु दुबै पक्षको आपसी हित र मित्रताका लागि अनिवार्य छ ।

खिम्ती विद्युत् सहकारी लिमिटेड सञ्चालन भएको सुरुमा जनसाधारणलाई थाहा नै भएन । स्थानीय स्तरमा हालीमुहाली भएका स्थानीय नेताकार्यकर्ताहरूको सानो चित्त र उनीहरूको चित्त बुझाएपछि कामगर्न सजिलो हुन्छ भन्ने परियोजनाका कर्मचारीहरूको मनोविज्ञानले सहकारी आफ्नो उद्देश्यमा सफल हुन सकेन । आफ्नो पकडबाट बाहिर जान नदिने र सहकारीलाई सबैको साझा बनाउनुपर्छ भन्ने विवादले लामो समयसम्म द्वन्द्व र झगडा पनि उत्पन्न गरायो । यसभित्र ट्रान्सफर्मर, बिजुली मिटर र अन्य सामान खरिद गर्दा नक्कली ल्याएको, विद्युत् महसुल हिनामिना गरेको भन्नेजस्ता भ्रष्टाचारका विषयहरू उठने गरेका थिए ।

विगत केही वर्षदेखि सर्वसम्मत नेतृत्व चयन गर्ने परम्परा सुरु गरेर सहकारीलाई व्यवस्थित बनाउँदै नाफासमेत गरेर देखाउनु उपलब्धिमूलक र प्रशंसनीय काम हो । अझै पनि राजनीतिक आग्रह, निजी लाभ र स्वार्थको अन्त नभएकोले निष्पक्ष, निःस्वार्थ र क्षमतावान गैरराजनीतिक व्यक्तिहरूबाट संस्थाको नेतृत्व हुन सक्यो भने यो सहकारी जनताका लागि वरदान सावित हुनेछ । केन्द्र, प्रदेश, अन्य गैरसरकारी निकायबाट प्राप्त हुने अनुदान र उठ्ने सामान्य करले पालिकाभित्र गर्नुपर्ने विकास निर्माण, शिक्षा स्वास्थ र सामाजिक क्षेत्रमा गर्नुपर्ने अनगिन्ती कामहरूका लागि बजेट पुग्दैन । उद्योगधन्दा, कलकारखाना खोल्ने, पर्यटन प्रबन्धन गर्ने र प्राकृतिक साधनस्रोतको अधिकतम उपयोग गरेर आत्मनिर्भर बन्नेतर्फ जानुपर्छ ।

खिम्ती विद्युत् सहकारी लिमिटेडको नेतृत्वमा गाउँपालिका, वडा, प्रदेश, स्थानीय र दोलाखी जनता, खुला आह्वान गरेर नेपाली लगानीकर्ता र जनताबाट रकम जम्मा गर्ने र तामाकोसी नदीमा हालको लागि एउटा परियोजना निरमाण गर्ने हो भने सहकारीका सेयर धनी जनता, प्रदेश र स्थानीय निकायसमेत आत्मनिर्भर बन्न मद्दत पुग्नेछ ।

खिम्ती परियोजना सञ्चालनमा रहेका प्रभावित क्षेत्रका भूभागहरू दोलखा र रामेछाप जिल्लाका सबैभन्दा सुक्खा क्षेत्रग्रस्त क्षेत्रहरू मध्यमा पर्दछन् । झन् टनेल खन्ने कामले मुहानहरू सुकेका छन् र सहकारी र अन्य लगानीकर्ताहरूले फुल्पिङ, झाक्रे र हलुवा खोलामा निर्माण गरेका जलविद्युत् आयोजनाको कारण खानेपानी र सिँचाइका विकल्पहरू समाप्त भएका छन् । अब खानेपानी र सिँचाइका लागि तामाकोसी र खिम्तीबाट पानी तानेर सुविधा उपलब्ध गराउनुको विकल्प छैन । त्यसैले सहकारीको पहलमा सम्बन्धित निकायहरूलाई सहभागी गराएर लिफ्ट पद्धतिबाट पानीको आपूर्ति गर्नुपर्दछ ।

जिल्लामा दक्ष कामदार र इन्जिनियरिङ जनशक्ति कम भएको अवस्थामा परियोजनाको पहलमा यो विषयहरू पढाइ हुने विद्यालयको व्यवस्था होस् भनेर हामीले धेरै पहिलादेखि माग राख्दै आएका थियौं । यो विषयमा अपर तामाकोसी विद्युत् परियोजना सुरु हुँदादेखि भन्दै आएका छौँ तर कहीँ कतैबाट पनि सुनवाइ भएको छैन । जसको कारण सलाम खाने जति बाहिरका र सलाम गर्ने तल्लो स्तरका कामदार र कर्मचारी मात्र स्थानीय हुने अपमानजनक अवस्थाबाट हामी मुक्त छैनौं । अब बेला आएको छ । दोलखा र रामेछाप जिल्लामा कार्यरत सबै विद्युत् परियोजना मिलेर दोलखा र रामेछापको बीच पर्ने स्थानमा एक इन्जिनियरिङ कलेज खोल्नु आवश्यक छ । यसले जिल्ला बाहिर समेतका विद्यार्थीहरू पढ्न आएर मात्रै होइन शैक्षिक पर्यटन प्रबर्द्धन गर्न पनि मद्दत मिल्ने र थप आम्दानी हुने देखिन्छ । यसले विभिन्न क्षेत्रमा रोजगारी र आर्थिक गतिविधि बढ्नेछ ।

रोजगारी, कृषिमा युवा केन्द्रित ठोस कार्यक्रम र आयस्रोतको उचित विकल्प नभएकोले गाउँबाट युवाहरू विदेश तथा अन्यत्र विस्थापित भइरहेका छन् । 'सिंहदरबारको अधिकार घरघर' भन्ने वचन पनि पूरा भएको छैन । अझसम्म नागरिकता बनाउन, तारिख धान्न, प्रशासन र प्रहरीको सुरक्षा खोज्न र विकास माग्न पुरानो जिल्ला सदरमुकाम धाउनु परिरहेको छ । अधिकार र उत्तरदायित्व नभएको जिल्ला समन्वय समिति राखेर कर्मचारी पाल्ने, पदाधिकारीहरूलाई भत्ता ख्वाउने, गोष्ठी सेमिनार र गाडगुडीमा अनावश्यक खर्च गरेर राजस्वको दुरुपयोग गरिरहेको छ । स्थानीय निकाय ससाना भएकोले निर्वाचित जनप्रतिनिधिहरूको हैसियत कमजोर बनेको छ । सेना र प्रहरीको रिजर्भ फोर्सबाहेक जिल्लामा रहेका सबै कार्यालयहरू गाउँमा पठाउन सक्यो भने स्थानीय निकायमा आर्थिक, सामाजिक र राजनीतिक गतिविधि बढेर गाउँ फेरि आकर्षणको केन्द्र बन्नेछ ।

भन्न मिल्छ कि मिल्दैन । गत फागुन २९ गते खिम्ती विद्युत् सहकारी संस्था लिमिटेडको दोलखा, किर्नेमा भएको साधारणसभा कार्यक्रम स्थलमा मैले गरेको अनुभूति अली फरक रह्यो । हामी मञ्चमा बस्ने, सुकिला थियौं, खुसी र स्वस्थ देखिन्थ्यौं । तल बस्नेको फेसन फरक थियो, अनुहार मलिन र उदास थियो । हामीले जनताका लागि धेरै गरेको भाषण त आफूलाई मन पर्‍यो होला । तर, जनता पाँच सय भत्ता पाउन कति व्यग्र प्रतीक्षामा थियो याद गरेनौँ । पाएको पाँच सय बुझेर चिनी, चिया र तेल किनेर खुसी हुँदै उकालोमा सुस्केरा हाल्दै थिए । अरूलाई के भयो थाहा छैन । मेरोचाहिँ मुटु चसक्क घोच्यो ।